# गोदावरी नगरपालिका
# Godawari Municipality
गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## Office Of the Municipal Executive
बज्रबाराही, ललितपुर / Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal
२०७३ / 2073


प. सं/Let. No. ०८१/८२
च. नं/Ref. No.

## अपाङ्गता भएका व्यक्तिहरुका लागि वस्तुगत टेवा कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८२/१/३१)

प्रस्तुत विषयमा यस गोदावरी नगरपालिकाको लक्षित वर्ग कार्यक्रम अन्तर्गत यस नगरपालिकामा स्थायी रुपमा बसोबास गर्ने देहाय अनुसार मापदण्ड भएका अपाङ्गता भएका व्यक्तिहरुका लागि उनीहरुले गरिरहेको व्यवसायमा थप निरन्तरता दिनका लागि वस्तुगत टेवा कार्यक्रम सञ्चालन गर्न लागिएको हुँदा ईच्छुक अपाङ्गता भएका व्यक्तिहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यसै सूचना साथ सम्लग्न निवेदनको ढाचाँमा आफुले गर्न चाहेको व्यावसायीक कार्ययोजना र स्वघोषणा पत्र, आवश्यक कागजात सहित यस नगरपालिकाको महिला तथा बालबालिका शाखा (कोठा नं १०४) मा निवेदन पेश गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

मापदण्डहरुः

१. गोदावरी नगरपालिकामा स्थायी रुपमा बसोवास गर्ने आर्थिक अवस्था कमजोर भएका महिला, दलित, जनजाती, आदिवासी , अति विपन्न, अति पिछडिएका, लोपोन्मुख नेपाल सरकारले लक्षित वर्ग भनेर छुट्याएको वर्गका अपाङ्गता भएका व्यक्तिहरु,
२. अन्यत्र रोजगारी नभएका अपाङ्गता भएका व्यक्ति वा परिवार,
३. अपाङ्गता भएका व्यक्तिलाई हेरचाह गरेर अन्य आयआर्जनमा जान नसकेका परिवारका सदस्यहरुलाई उनीहरुले गरीरहेको व्यवसायमा थप निरन्तरताको लागि आयआर्जनमा वस्तुगत टेवा दिइनेछ।
४. हाल सम्म वस्तुगत टेवा नपाएको व्यक्तिलाई प्राथमिकता दिइने छ ।

<u>निवेदनको साथ पेश गर्नुपर्ने कागजातहरु</u>

(क) निवेदन (अनुसूची -१ बमोजिमको फाराममा)
(ख) नागरिकताको प्रतिलिपि - थान १
(ग) गोदावरी नगरपालिका बाट जारी गरिएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि -थान १
(घ) वडा कार्यालयको सिफारिस पत्र - थान १
(ङ) विवाह दर्ता प्रमाणपत्र ,बसाईसराईको प्रमाणपत्र - थान १
(च) आवश्यकता अनुसार जग्गा धनी पुर्जाको प्रतिलिपि- थान १
(छ) जग्गा भाडामा लिएर फार्म संचालन गरेको भएमा बहाल सम्झौता र बहाल कर तिरेको प्रमाण पत्र
(ज) स्वघोषणा/प्रतिवद्धता पत्र (अनुसूची -४ बमोजिमको ढाँचामा)
(झ) व्यवसायिक कार्ययोजना (अनुसूची -३ बमोजिमको ढाँचामा)

(सम्पर्क व्यक्तिः रमा सञ्जेल, मो.नं.९८४९५१७१९९)

नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -१
दफा ८ संग सम्बन्धित
<u>निवेदनको ढाँचा</u>

मितिः . . . . . . . . . . .

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू ,
गोदावरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
बज्रबाराही ,ललितपुर ।

विषयः वस्तुगत टेवा कार्यक्रममा सहभागी हुन पाँउ भन्ने सम्वन्धमा ।

गोदावरी नगरपालिकाबाट मिति                    मा प्रकाशित सूचना अनुसार गोदावरी नगरपालिका वडा नं .. . . . .मा स्थायी ठेगाना भई . . . . . . . . . . .म . . . . . . . . .मेरो परिवारको सदस्य. . . . . . . . . . अपाङ्गता भएको कारणले. . . . . . . . . . व्यवसाय/उद्यम/सहायक सामग्रीको आवश्यकता रहेको गर्न र मेरो आर्थिक अवस्था पनि कमजोर रहेकोले वस्तुगत टेवा कार्यक्रममा सहभागी हुन व्यवसायिक योजना तथा प्रतिबद्धतापत्र समेत आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु ।

नामः
ठेगानाः
अपाङ्गता परियचपत्र नः
सम्पर्क नः
दस्तखतः
मितिः

अनुसूची - ४

दफा ७ को (५) संग सम्बन्धित

## स्वघोषणा/प्रतिबद्धता पत्र

गोदावरी नगरपालिकाको मिति २०८२ को सूचना अनुसार अपाङ्गता भएका व्यक्ति र परिवारलाई वस्तुगत टेवा/सहायक सामग्री आवश्यक भएकोले नगरपालिकाबाट प्राप्त हुने उक्त वस्तुगत टेवामा सहभागी हुन सो कार्यक्रममा सहभागिताको लागि व्यवसायिक योजना सहितको आवेदन पेश गरेको छु । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र सो व्यवसायलाई निरन्तरता दिनेछु। नगरपालिकाबाट प्राप्त वस्तुगत टेवा/सहायक सामग्रीको सदुपयोग गर्नेछु भन्ने स्वघोषणा /प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

इति सम्वत् २०८२ साल महिना गते रोज शुभम् ।

स्वघोषणा/प्रतिबद्धता गर्नेकाे

नाम:

ठेगाना:

सम्पर्क न:

दस्तखत:

मिति:

अनुसूची -३

(दफा ७ को (५) सँग सम्बन्धित)

<u>व्यवसायीक कार्ययोजना</u>

| क्र सं | सुरु गर्न चाहेको उद्यम /व्यवसायको नाम | गरिरहेको उद्यम/व्यवसायको नाम | इकाई | परिणाम | दर | आफुले व्यहोर्ने रकम | वस्तुगत टेवा वा प्राप्त |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(क) वस्तुगत टेवाको आवश्यकता किन ?

(ख) कार्यक्रम संचालन पश्चातको नतिजा र प्रतिफलहरु के के हुन् ?